# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०३ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- राज्यसभा सांसद तथा भाजपा नेता शमिक भट्टाचार्यलाई पश्चिम बंगाल भाजपा अध्यक्षमा चयन गरिएको छ।
- कसबा ल कलेजको दुष्कर्मको घटना चर्चामा रहँदै गर्दा, बर्दवान मेडिकल कलेज र अस्पतालमा यौन दुर्व्यवहारको नयाँ घटना प्रकाशमा आएको छ।
- कस्बास्थित ल कलेजमा भएको दुष्कर्मको घटनासम्बन्धी जनहित याचिकाको सुनुवाइ गर्दै कलकत्ता उच्च अदालतले राज्य सरकारलाई कडा टिप्पणी गर्दै रिपोर्ट पेश गर्न आदेश दिएको छ।
- खरसाङको डाउहिलस्थित ईको पार्कमा जीटीए प्रमुख अनि दार्जिलिङ जिल्ला शासक डा प्रिति गोयलद्वारा उदघाटन गर्दै खरसाङको डाउहिल क्षेत्रलाई प्लास्टिक ब्यागमुक्त क्षेत्र घोषणा गरिएको छ।
- अलीपुर मौसम विभागले आज देखि उत्तर र दक्षिण बंगालका धैरै जिल्लाहरुमा हल्कादेखि मध्यम वर्षा हुने पूर्वानुमान गरेको छ।

## शमिक भट्टाचार्य

राज्यसभा सांसद तथा भाजपा नेता शमिक भट्टाचार्यलाई पश्चिम बंगाल भाजपा अध्यक्षमा चयन गरिएको छ। उहाँ २०२६ मा हुने राज्य विधानसभा चुनावसम्म पार्टीको नेतृत्व गर्नुहुनेछ। ६१ वर्षीय भट्टाचार्य निर्विरोध रूपमा चयन हुनु भएको हो। बुधवार नामांकनको अन्तिम दिनसम्म अन्य कसैले उम्मेदवारी नदिएपछि उहाँको नाम औपचारिक रूपमा घोषणा गरिएको हो।कोलकाताको साइन्स सिटीमा आयोजित कार्यक्रममा पूर्व केन्द्रीय मन्त्री रविशंकर प्रसादले उहाँलाई प्रमाणपत्र प्रदान गर्दै बधाई दिनु भयो। नामांकनको बेला साल्ट लेकस्थित भाजपा कार्यालयमा निवर्तमान अध्यक्ष सुकान्त मजूमदार र प्रतिपक्ष नेता शुभेन्दु अधिकारी पनि उपस्थित थिए। श्री भट्टाचार्यको अध्यक्ष पदमा नियुक्तिलाई आगामी चुनावलाई ध्यानमा राख्दै पार्टीको रणनीतिक कदमको रूपमा हेरिएको छ।

## कस्बा दुष्कर्म

कोलकाताको कस्बास्थित ल कलेजमा भएको दुष्कर्मको घटनासम्बन्धी जनहित याचिकाको सुनुवाइ गर्दै कलकत्ता उच्च अदालतले राज्य सरकारलाई कडा टिप्पणी गर्दै रिपोर्ट पेश गर्न आदेश दिएको छ। न्यायधीश सौमेन सेन एवं स्मिता दासको खण्डपीठले राज्य सरकार र कलेज प्रशासनलाई अघिल्लो सुनुवाइभन्दा अगाडि अनुसन्धान प्रतिवेदन र हलफनामा पेश गर्न भनेको छ। पीडित छात्राको परिवारले अदालतमा कोलकाता पुलिसको विशेष अनुसन्धान टोली (SIT) माथि विश्वास रहेको बताएका छन् र सीबीआई जाँचको आवश्यकता नरहेको बताएका छन्। यद्यपि, हालै यस अनुसन्धानको जिम्मा कोलकाता पुलिसको डिटेक्टिभ विभागलाई दिइएको छ। २५ जुनको रात ल कलेजमा एक छात्रामाथि बलात्कार भएको थियो, जुन घटना २७ जुनमा सार्वजनिक भएको हो। छात्राले पहिले यूनियन रूममा जबरजस्ती प्रयास भएको र पछि सुरक्षाकर्मीको कोठामा लगेर दुष्कर्म गरिएको आरोप लगाएकी छन्। यस घटनामा हालसम्म चार जना पक्राउ परेका छन्।

## बर्दवान मेडिकल कलेज यौन दुर्व्यवहार

कसबा ल कलेजको दुष्कर्मको घटना चर्चामा रहँदै गर्दा, बर्दवान मेडिकल कलेज र अस्पतालमा यौन दुर्व्यवहारको नयाँ घटना प्रकाशमा आएको छ। एक महिला जुनियर डाक्टरले आफ्नै सहकर्मी इन्टर्नमाथि अपरेशन थिएटरभित्र अश्लील व्यवहार गरेको आरोप लगाएकी छन्। घटना मंगलबार भएको र पीडिताले बुधबार कलेजकी प्राचार्य मौसुमी बनर्जी समक्ष लिखित उजुरी दिएकी बताउनु भएको छ| उजुरी प्राप्त भएपछि प्रशासनले तत्काल 'जेंडर ह्यारेसमेन्ट सेल'लाई जानकारी दिएको छ। कलेज प्राचार्यले शुक्रबार आन्तरिक बैठक बोलाइएको र निष्पक्ष छानबिन हुने जानकारी दिनुभयो। आरोपित इन्टर्नले आफूमाथि लगाइएको आरोप अस्वीकार गर्दै आफू फसाइएको दाबी गरेका छन्। अस्पताल प्रशासनले घटनालाई गम्भीर रूपमा लिएको र 'जेंडर ह्यारेसमेन्ट सेल'को रिपोर्ट अनुसार मात्र अगाडिको कारवाही हुने बताएको छ।

## <u>यूनियन रूम बन्द</u>

कलकत्ता उच्च अदालतले पश्चिम बङ्गालका ती सबै कलेज र विश्वविद्यालयहरूमा रहेका छात्र संघ कक्षहरू (यूनियन रूम) तत्काल बन्द गर्न आदेश दिएको छ, जहाँ अहिलेसम्म छात्र संघ निर्वाचन भएको छैन।न्यायधीश सौमेन सेनको अध्यक्षतामा रहेको खण्डपीठले यो आदेश दक्षिण कोलकाता ल कलेजमा प्रथम वर्षकी छात्रासँग भएको दुष्कर्म सम्बन्धी जनहित याचिकामाथिको सुनुवाइका क्रममा दिएको हो।अदालतले भन्यो, यस्ता कक्षहरू मनोरञ्जन अथवा अन्य कुनै निजी प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन। विशेष अवस्थामा, विश्वविद्यालयका रजिस्ट्रार अथवा प्राध्यापकको लिखित अनुमति लिएर मात्र प्रयोग गर्न सकिनेछ।

## <u>डाउहिल ईको पार्क</u>

खरसाङको डसउहिलस्थित ईको पार्कमा जीटीए प्रमुख अनित थापा र दार्जिलिङ जिल्ला शासक डा प्रिति गोयलद्वारा उदघाटन गर्दै खरसाङको डाउहिल क्षेत्रलाई प्लास्टिक ब्यागमुक्त क्षेत्र घोषणा गरिएको छ। यस अवसरमा दुवैले डाउहिलको ईको पार्क क्षेत्रको भ्रमण पनि गरेका थिए। यसै अवसरमा अन्तर्राष्ट्रिय प्लास्टिक ब्यागमुक्त दिवस पालन गर्दै स्थानीयहरुको उपस्थितिमा डाउहिलको ईको पार्कदेखि सचेतना रैलीको आयोजना गरिएको थियो| सुभाष घिसिङ कम्युनिटी हलमा उद्यमशीलता, होमस्टे तथा आतिथ्य सत्कार तालिम, र गार्मेन्ट म्यानुफ्याक्चरिङ विषयमा नयाँ सीप विकास कार्यक्रमहरूको पनि उद्घाटन गरियो। यस अवसरमा स्वनिर्भर दलहरुद्वारा प्लास्टिकमुक्त ब्यागहरु प्रदर्शन गरिएको थियो। विशेष गरेर घैयाबारी ग्राम पञ्चायत तीनको तर्फबाट लुगाबाट बनिएका झोलाहरु प्रदर्शन गरिएको थियो भने यी प्रकारका झोलाहरु जिल्ला शासक र जीटीए प्रमुख लगायत अन्यहरुलाई प्रदान गरेका थिए। यस अवसरमा खरसाङको डाउहिल क्षेत्रलाई प्लास्टिक ब्यागमुक्त क्षेत्र घोषणा गरिएपछि डाउहिल क्षेत्रको प्रत्येक घरबाट संकलन गरिएको प्लास्टिकहरु खरसाङ खण्ड पञ्चायत समितिले गाडीधुरा लागेर रिसाईकल गर्ने भएको छ।

## <u>मनसुन</u>

पश्चिम बंगालमा मनसुन फेरि सक्रिय भएको छ र आज देखि राज्यभरी वर्षा हुने सम्भावना मौसम विभागले जनाएको छ। अलीपुर मौसम विभाग अनुसार दक्षिण र उत्तर बंगालका धेरै जिल्लामा हल्कादेखि मध्यम वर्षासँगै केही ठाउँमा भारी वर्षा सहित हावा चल्ने चेतावनी दिइएको छ। पुरुलिया, पश्चिम बर्धमान, बीरभूम र दक्षिण २४ परगनामा भारी वर्षाको अलर्ट जारी गरिएको छ। शनिवारसम्म बीरभूम, मुर्शिदाबाद, नदिया, हुगली र दुबै २४ परगनामा येलो अलर्ट जारी गरिएको छ। कोलकातामा बुधबार ११ दसमलव ७ मिमी वर्षा भएको र तापक्रम ३१ डिग्री अधिकतम तथा २६ दसमलव ६ डिग्री न्यूनतम रह्यो। उत्तर बंगालका दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी, अलीपुरद्वार र कूचबिहारमा पनि भारी वर्षाको सम्भावना छ।बंगालको खाडीमा समुद्रको अवस्था खराब भएकाले माछा मार्न नजान जालहारीहरूलाई चेतावनी दिइएको छ। शुक्रबार र शनिबार वर्षा चरममा पुग्नेछ भने आइतबारदेखि क्रमशः कमी आउने अनुमान छ।

## <u>ज्वाइन्ट फोरम</u>

चिया श्रमिकहरुको हितमा आजसम्म न्युनतम रोज वृद्धि नभएको र चिया श्रमिकहरुको इएलपी वृद्धि नगरिएको , चियाबारीको ३० प्रतिशत जमीन अधिग्रहणको विरोधमा आज वाममोर्चा र कंग्रेसको ट्रेड यूनियनहरुको ज्वाइन्ट फोरम संगठनले कालचिनी बीडीओ कार्यालय अघि धरना प्रदर्शन गर्दै दाबी पत्र सुम्पियो। यो दाबी पेश गर्न ज्वाइन्ट फोरमका नेताहरु विकास महली, पूर्णमान राई, गणेश लामा, कमल उराँव, रतन ब्यानर्जी, महात्मा मगर आदि धरनामा सहभागी बनेका थिए।

**कालेबुङ प्लास्टिक झोला मुक्त**

कालेबुङ जिल्ला पुलिस अनि जिल्ला प्रशासनको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय प्लास्टिक झोला मुक्त दिवस कार्यक्रम सम्पन्न गरिएको थियो। थाना डाँडामा सम्पन्न कार्यक्रममा अतिरिक्त जिल्लापाल समिरन मण्डल अतिरिक्त पुलिस अध्यक्ष सहरन्या पी आई पी एस लगायत पुलिसहरू अनि जिल्ला प्रशासनका अधिकारीहरूको उपस्थिति रहेको थियो। प्लास्टिकको झोला प्रयोगले प्रदूषण साथै स्वास्थ्यमा नकारात्मक असर पर्ने भएको हुनाले यसलाई रोक्न नितान्त आवश्यक रहेको महसुस गर्दै प्रशासनबाट मानिसहरुलाई सचेत गराउने कार्यक्रम गरिएको हो।

**सन्दकफू प्रशिक्षण शिविर**

सन्दकफू जस्तो उचाईमा रहेको स्थानमा रहने बासिन्दाहरूका लागि दार्जीलिङ जिल्ला प्रसाशनको सक्रियता अनि स्वास्थ्य विभागको पहलमा स्वास्थ्य सेवाको आधारभूत विषयमाथि आज एक प्रशिक्षण शिविरको आयोजना गरियो। जसमा ब्लड प्रेसरल जस्ता सामान्य बिरामीको समय कस्तो प्राथमिक उपचार दिन सकिन्छ भन्नेबारे स्थानीय मानिसहरूलाई सचेत तुल्याउने कार्य गरियो। य़सरी नै आगामी दिनमा सन्दकफू क्षेत्रका लागि स्वास्थ्य जाँच शिविरको पनि आयोजना गर्ने योजना बनाइएको दार्जीलिङका महकुमा अधिकारी रिचर्ड लेप्चाले जानकारी गराउनु भएको छ।

**पर्यावरण संरक्षण खर्साङ्ग**

दार्जिलिङ जिल्ला प्रशासन र खरसाङ डिभिजन फरेस्टको आयोजनामा वन संरक्षण र जल स्रोतको संरक्षणको लागि आज खरसाङको चित्रेस्थित कालपोखरी सेलेमण्डर झील क्षेत्रमा वन महोत्सव पालन गरियो। यस अवसरमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा र दार्जिलिङ जिल्ला शासक डा प्रिति गोयलको बाहुलीबाट झोडा सुन्दरीकरण प्रोजेक्ट बोर्डको अनावरण गरियो। यस कार्यक्रममा महकुमा शासक बिन्दबासिनी तेजा दिपक, डीएफओ देबेस पाण्डे लगायत अन्य विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो| यस अवसरमा सेकेमेण्डर झीलमा पूजा अर्चना गरेर वन संरक्षण र जल स्रोतको संरक्षणको लागि वृक्ष रोपणको कार्य पनि सम्पन्न भयो।

**हाउजिङ फर अल**

इण्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवर्ड्सले एक प्रेस विज्ञप्तिमा घोषणा गर्नु भएको छ कि "हाउजिङ फर अल" योजनामा व्यापक अनियमितता र भ्रष्टाचार भएको आशंकामा खरसाङ नगरपालिका बोर्डविरुद्ध उच्च अदालतमा मुद्दा दर्ता गरिनेछ। यस योजना अन्तर्गत गरिब तथा बिपन्न वर्गलाई लक्षित गरी प्रदान गरिने आवास सुविधा वितरण प्रक्रिया अपारदर्शी रहेको र विभिन्न स्तरमा आर्थिक दुरुपयोग तथा पक्षपात भएको आरोप लगाउँदै आईजीजेएफ- ले यसबारे विस्तृत प्रमाणहरू संकलन गरिसकेको बताइएको छ।